# शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་རྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

सल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३

मितिः २०८३/०२/२७

नेपाल संवत् ११४६ अनालागा दशमी

**गाउँपालिकासँग अनिवार्य रुपमा समन्वय गरेर मात्रै कार्य गर्न गराउन हुन**

**अत्यन्त जरुरी सूचना।**

यस शे-फोक्सुण्डो गाउँपालिका अन्तर्गत आयोजना तथा कार्यक्रमहरु संचालन गरिरहेका संघीय सरकार, प्रदेश सरकार तथा अन्य विभिन्न निकायहरुले आर्थिक वर्षको अन्तमा गाउँपालिकासँग कुनै समन्वय नगरी आफुखुशी विभिन्न आयोजना तथा कार्यक्रमहरु छनोट गर्ने, गाउँपालिकाले कार्यान्वयन गरिरहेका आयोजनाहरुमा दोहोरोपना पार्ने, पालिकाले निर्माण सम्पन्न गरेका आयोजनाहरुकै नापजाँच गरी नापी प्रतिवेदन उठाउने र भुक्तानी गर्ने जस्ता कार्यहरु गर्ने गराउने गरेको अनौपचारिक जानकारीहरु प्राप्त हुन आएकोले पालिका क्षेत्रभित्र आयोजना तथा कार्यक्रम संचालन गरिरहेका साथै आगामी दिनमा संचालन गर्ने योजना रहेका संघीय सरकार अन्तर्गतका निकायहरु, प्रदेश सरकार अन्तर्गतका निकायहरु, अन्य विभिन्न गैहसरकारी निजी वा गैहनाफामुलक संघ संस्थाहरुलाई अनिवार्यरुपमा यस गाउँपालिकासँग पूर्ववत रुपमा लिखित जानकारी गराई पालिकाका सम्बन्धित आधिकारीक प्रतिनिधि तथा कर्मचारीको संलग्नता सुनिश्चित गराइ कुनै दोहोरोपना नपारी आफ्ना आयोजना तथा कार्यक्रम संचालन गर्न गराउन यो जरुरी सूचना प्रकाशन गरिएको छ। साथै आ-आफ्ना आयोजना तथा कार्यक्रमहरुको विस्तृत विवरणसहितको जानकारी तपसिलको ठेगानामा अनिवार्य रुपमा उपलब्ध गराउन हुन जानकारी गरिन्छ।

तपसिलः

इमेलः ito.shephoksundomun1@gmail.com

सम्पर्कः

गाउँपालिका उपाध्यक्षः- ९८६०३८३३८८

प्रमुख प्रशासकीय अधिकृतः-९८५८३९०११६

योजना शाखा प्रमुखः-९८४५६९५४०८

सुमन ढकाल

प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखाः- *वेवसाइट र फेसबुक पेजमा अपलोट गर्न हुन।*

"पर्यटन, जलस्रोत, पशुपालन र जडिबुटी शे-फोक्सुण्डोको आधार
दिर्घकालीन दृष्टिकोण, मानव विकास, गुणस्तरीय पूर्वाधार, गरिबी निवारण र रोजगार"

फोन नं. ९८५८३९०११६ / Email: ito.shephoksundomun1@gmail.com / website: www.shephoksundomun.gov.np

Scanned with CamScanner